**सर्वोच्च अदालत, संयुक्त इजलास**

**सम्माननीय प्रधान न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ**

**माननीय न्यायाधीश श्री प्रेम शर्मा**

**आदेश**

**२०५९ सालको रिट नं.: २८००**

**बिषय : उत्प्रेषण समेत ।**

| | |
|---|---|
| नेपाल म्याग्नेसाईट प्रा.लि.का. शेयर होल्डर ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. २ झम्सीखेल बस्ने मोहनगोपाल खेतान ------- १ | **निवेदक** |
| **विरुद्ध** | |
| १. भारतीय कानूनद्वारा संस्थापित १/ए वन्सिटार्ट रो कलकत्ता ७००००१ पश्चिम बंगाल भारतमा रजिष्टर्ड कार्यालय भै हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका भोटेवहालस्थित दामोदर रोपवेज तथा कन्स्ट्रक्सन कम्पनी ---------------------------------------------- १<br>२. भारतीय कम्पनी ऐन, १९५६ अन्तर्गत दर्ता भएको एवं दर्ता कार्यालय वरङ, उडिसा भएको उडिसा ईण्डष्ट्रिज लि. उदितनगर सरुकेला ७६९०१२ उडिसा, भारतका तर्फबाट यसका सल्लाहकार एवं अख्तियारप्राप्तवाला भारतीय नागरिक हाल नेपाल स्थित सम्पर्क ठेगाना काठमाडौं-२, च-२/६९४ लाजिम्पाट भएका वाई. पी. खट्टर ------------------------------------ १<br>३. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ५ टंगाल मार्ग घर नं. ८५ स्थित नेपाल ओरिण्ड म्याग्नेसाईट प्रा.लि. ------------------ १<br>४. सिंगापुर घर भई काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ५ टंगाल कैलाश मार्ग घर नं. ८९ मा कार्यालय रहेको मध्यस्थता सम्बन्धी ट्राइवुनलका मुख्य मध्यस्थ लेस्ली के. एच. च्यू (सिंगापुर) -------------- १<br>५. भारत घर भई ऐ.ट्राइवुनलका मध्यस्थ डि. सि. सिंघानिया -------------- १<br>६. काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ ज्ञानेश्वर घर भई ऐ. ट्राइवुनलका मध्यस्थ एन. डि. शर्मा --------------------------- १<br>७. पुनरावेदन अदालत पाटन ------------------------------------------ १ | **विपक्षी** |

तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ८८ को उपधारा (२) अनुसार यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको सक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :

भारतको उडिसा इण्डष्ट्रिज र नेपाल सरकारका बीचमा १९ अक्टोवर १९७८ मा संयुक्त लगानीमा नेपालको दोलखा जिल्ला अन्तर्गत खरी ढुंगा भन्ने ठाउँमा रहेको म्याग्नेसाईट खानी सञ्चालन र प्रवर्द्धन गरी व्यापारीक प्रयोजनको लागि बिक्रियोग्य म्याग्नेसाईटको उत्पादन गर्ने भनी सहमती भै विदेशी र स्वदेशी लगानी अन्तर्गत एक संयुक्त लगानी सम्झौता सम्पन्न भएको थियो । सो सम्झौता अनुसार सिन्धुपाल्चोक जिल्लाको लामो साँघुमा म्याग्नेसाईट कारखाना खडा गर्ने गरी नेपाल ओरिण्ड म्याग्नेसाईट प्रा. लि. मिति २०३५।१२।२४ मा संस्थापना भएको थियो । देशको खनिज साधन र स्रोतको द्रुततर विकासको लागि प्राकृतिक स्रोत परिचालन गर्ने सिलसिलामा वैदेशिक लगानीलाई नेपाल सरकारले विशेष महत्व प्रदान गरेको हुँदा यसै क्रममा विपक्षी समेतको सहयोगमा निर्यातयोग्य डि. वि. एम. उत्पादन गर्न प्रस्तुत कम्पनी खडा भएको हो । विपक्षी उडिसा इण्डष्ट्रिज र दामोदर रोपवेज एण्ड कन्स्ट्रक्सन कम्पनीको गलत क्रियाकलापलाई रोकी कम्पनीको सञ्चालनमा पूँजीको अभाव भएको कारण समेतबाट नेपाल सरकारको र विपक्षी उडिसा ईण्डष्ट्रिज समेतको अनुरोधमा उडिसा ईण्डष्ट्रिजको म निवेदकले २५% शेयर खरीद गरेको हुँ ।

नेपाल ओरिण्ड म्याग्नेसाईट कम्पनी प्रा. लि. र विपक्षी दामोदर रोपवेज एण्ड कन्स्ट्रक्सन कम्पनी बीच १४ जनवरी, १९८३ मा दोलखा जिल्लाको खरिढुङ्गा देखि सिन्धुपाल्चोक जिल्लाको लामोसाँघुसम्म करिब १०.५ कि. मी. लामो प्रतिघण्टा १५० टन क्षमताको रोपवेज सो आयोजनासम्म पुग्ने सर्भिस एण्ड टर्नकी प्रोजेक्ट (Turnkey Project) को रुपमा निर्माण गर्ने गरी ठेक्का सम्झौता भएको थियो । प्रस्तुत रोपवेज टर्नकी आयोजना भएकोले सो निर्माणको लागि वोलपत्र आह्वान गर्दा सो सम्बन्धी सूचना र यस सम्बन्धमा ठेक्का सम्झौता गर्दा ठेक्का सम्झौताको प्रस्तावना तथा पेटवोलीमा सो आयोजना टर्नकी भएको स्पष्ट रुपमा उल्लेख गरिएको थियो । टर्नकी प्रोजेक्टको प्रचलित मान्यता बमोजिम आयोजनाको सर्वेक्षण, एलाइनमेण्ट, डिजाईन, सो को आपूर्ति तथा ढुवानी, सिभिल कन्स्ट्रक्सन, स्ट्रकचरल फ्याव्रिकेशन, ईरेक्शन, कमिशन र जडान गर्ने उक्त क्षमताको रोपवे आयोजना हस्तान्तरण गर्न तथा आयोजनासँग सम्बन्धित आईपर्ने सम्पूर्ण विद्युत मेकानिकल उपकरणहरु सेफ्टोगेयरको कन्ट्रोल उपलव्ध गराउनु तथा सो सम्बन्धी सम्पूर्ण सिभिल निर्माण प्लाण्ट हस्तान्तरण हुनु अघिसम्म वीमा गर्ने, निर्माण

स्थलसम्म प्याकिङ्ग पुऱ्याउने र राख्ने र सो आयोजनको जाँच तथा परियोजनाको सफलतापूर्वक कमिशन भई हस्तान्तरण गर्ने समेत दायित्व निर्माण सम्झौता बमोजिम ठेकेदार कम्पनीको रहेको छ । साथै सो सम्झौता बमोजिम सम्पूर्ण आयोजनाको सफलतापूर्वक कमिशन भई हस्तान्तरण भएको मितिले १२ महिनासम्म डिजायन निर्माण सामग्रीको कमि र वरियानसीप समेतको डिफेक्ट्सका विरुद्ध परफमेन्स ग्यारेन्टी र डिफेक्टिभ पार्टपूर्जा निःशुल्क उपलव्ध गराउने दायित्व समेत ठेकेदारको रहेको छ ।

उक्त आयोजनाको कार्य वापतको करार मुल्य अमेरिकी डलर ४०,१८,५७७- रहेको थियो । निर्माण सम्झौता बमोजिम मनसाय पत्र (Letter of intent) जारी गरीएको मिति मे २४, १९८२ बाट २५ महिना भित्र सो आयोजनाको निर्माण सम्पन्न गर्नुपर्ने अनिवार्य शर्त रहेको थियो ।

ठकेकेदारले निर्धारित समयमा आयोजनाको निर्माण पुरा गरी हस्तान्तरण गर्नुपर्नेमा सो समयावधि भित्र पुरा नगरी समय समयमा अनुरोध गर्दै म्याद थप गर्ने गरेको थियो । विपक्षी दामोदर रोपवेज एण्ड कन्स्ट्रक्सन कम्पनीबाट आयोजनाको निर्माण कार्य सम्पन्न गरेको भन्ने कुरा आजसम्म निवेदकलाई थाहा छैन । आयोजना सम्बन्धी केहि काम भएको छ, तर योजना पुरा भएको छैन । हालसम्म भएको कार्यको प्रयोजन ओरिण्ड म्याग्नेसाईट कम्पनीको सञ्चालनको लागि छैन । काम पूरा भै सञ्चालन नभएको परियोजनाबाट कम्पनीलाई कुनै टेवा पुग्ने अवस्था छैन, वरु कम्पनीको अग्रिम भुक्तानीको रकमबाट कम्पनी घाटामा गएको अवस्था छ ।

विपक्षी ठेकेदार कम्पनीले मध्यस्थताद्वारा विवादको निप्टारा गरी दावीको रकम क्षतिपूर्ति दिलाई भराई पाऊँ भनी गरेको दावीको आधारमा विवाद निरुपण गर्न मध्यस्थता सम्बन्धी ट्राईबुनल गठन बारे मलाई कुनै जानकारी गराइएको छैन । म एक निजी लगानीकर्ता भएको कारणबाट सो सम्बन्धमा मलाई जानकारी हुनु अनिवार्य छ । विपक्षी ठेकेदारले मसँग गरेको कतिपय लेखापढी समेतका आधारमा आयोजना पूरा नभएको स्पष्ट भएको अवस्थामा विपक्षी ठेकेदारको दावी नपुग्ने प्रष्ट छ । मध्यस्थ ट्राइवुनलको वहुमतले विपक्षी ठेकेदार दामोदर रोपवेज एण्ड कन्स्ट्रक्सन कम्पनीको दावी अनुसार भुक्तानी गर्नुपर्ने गरी विपक्षीको पक्षमा सेप्टेम्वर ३, १९९७ अर्थात् भाद्र १८, २०५४ मा निर्णय दिएकोमा सो विरुद्धमा यसै सम्मानित सर्वोच्च अदालतमा निवेदकले रिट निवेदन दिई विपक्षीहरुका नाउँमा कारण देखाउ आदेश जारी भै २०५९।८।६ को पेशी तोकिएको छ ।

मध्यस्थहरुले गरेको उक्त निर्णयको विरुद्धमा श्री ५ को सरकार र ओरिण्ड म्याग्नेसाइट प्रा.लि.ले गरेको निवेदनमा पुनरावेदन अदालतबाट दावीकर्ताको दावी नपुग्ने ठहऱ्याएको हदसम्म

वहुमत मध्यस्थको निर्णयमा मध्यस्थता ऐन, २०३८ को दफा २१(२) को देहाय (क), (ग), (घ), (ङ), (च) र (छ) को कानूनी व्यवस्थाको त्रुटी छ भन्ने कुरा मिसिल कागजात एवं निवेदक तर्फका कानून व्यवसायीहरुको वहस जिकिर समेतबाट पुष्टि हुन आएको नपाईंदा दावीकर्ताको दावी नपुग्ने ठहऱ्याएको हदसम्म बहुमत मध्यस्थको निर्णय मनासिव हुँदा सदर हुने भन्ने समेत व्यहोराको आदेश भएको छ । वहुमत मध्यस्थताकर्ताहरुको निर्णयलाई सदर गरेको पुनरावेदन अदालत पाटनको आदेशमा मध्यस्थकर्ता मध्येका एन.डि. शर्माले राख्नु भएको विमतिको विचार (Dissenting Opinion) मा उठाइएको महत्वपूर्ण कानूनी तथा सम्झौताको तथ्यगत प्रश्नका सम्बन्धमा कुनै विवचना गरिएको छैन । त्यसका अतिरिक्त हदम्यादको प्रश्न, आयोजना टर्न-कि (Turnkey Project) हो भन्ने कुरामा सम्झौताले स्वीकार गरेको प्रश्न, माईन्युट विधिवत छैन भन्ने प्रश्न, अधिकार प्राप्त अधिकारीबाट परियोजनामा सम्पन्नताको प्रमाणपत्र नदिइएको भन्ने प्रश्न र मुलभूत रुपमा रोपवे ढुवानी गर्न सफल भयो भएन भन्ने प्रश्नहरुलाई कानून र प्रमाणका आधारमा निरुपणमा पुग्नु पर्नेमा त्यसतर्फ न्यायिक मनले विवेचना नगरी ठेकेदार कम्पनीलाई करौडौ रुपैयाँको क्षतिपूर्ति दिनुपर्ने, तर रोपवे सञ्चालनयोग्य बनाउनु नपर्ने गरी भएको इन्साफबाट न्याय नपरेको हुँदा यो निवेदन गरेको छु ।

निवेदकले पाएको जानकारी अनुसार दामोदर रोपवे तथा कन्स्ट्रक्सन कम्पनी मृत भैसकेको छ र मृत कम्पनीको प्रतिनिधी हुँ भनी चलाएको मुद्दा कानुनी रुपमा स्थापित हुन सक्दैन । ठेकेदार कम्पनीका प्रतिनिधिको कानूनी हैसियत र अधिकारबारे निर्णय हुनुपर्नेमा सो हुन सकेको छैन । गैर व्यक्तिलाई दावी गर्ने हकदैया हुँदैन, अ.वं. ८२ नं. बमोजिम हकदैया नै नभएको व्यक्तिको दावी स्वत: वदरभागी हुन्छ ।

मध्यस्थताको सिद्धान्त अनुसार वादीले दावी (Claim) गरेपछि प्रतिवादीहरुले पनि प्रतिदावी (Counter Claim) गर्न पाउने हक हुन्छ । वादीको दावी र प्रतिवादीको प्रतिदावीलाई हेरेर तथ्य, सवुद, प्रमाण समेतको विवचेना गरेर न्यायिक निर्णयमा पुग्नु पर्दछ । तर पुनरावेदन अदालत पाटन "प्रतिवादीले छुट्टै दावीको स्थान ग्रहण गर्न सक्दैन" भनी प्रतिदावी खारेज गरिदिएको हुँदा मध्यस्थताको आधारभूत सिद्धान्त विपरित भएको सो निर्णय बदरभागी छ ।

म निवेदक व्यक्तिगत पुँजी लगानीकर्ता भएकोले मैले जिम्मेवारी महशुस गरेको छु र मेरो सम्पूर्ण धन राशी डुब्न गएको छ । नेपाल सरकार र कम्पनीको लापरवाहीले गर्दा मेरो लगानी डुब्न गएको र नेपाल सरकारले करिब ४५ करोड क्षतिपूर्ति भारतीय कम्पनीलाई बुझाउनु पर्ने भएकाले राष्ट्र हितको लागि समेत यो रिट निवेदन गर्न आएको छु ।

मध्यस्थको निर्णय उपर म निवेदकले दिएको रिट निवेदनको यस अदालतमा विचाराधीन रहेको छ । पुनरावेदन अदालत पाटनबाट मिति २०५९।१।९ मा भएको आदेश विरुद्धमा यो रिट निवेदन गर्न आएको छु । संविधानको धारा ८८ को उपधारा (२) बमोजिम कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कानूनी प्रश्नमा असाधारण अधिकार क्षेत्रको गुहार माग्न पाउने अधिकार भएकोले पुनरावेदन अदालत पाटनको उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी पुनः इन्साफ गर्नु भनी पुनरावेदन अदालत पाटनका नाममा परमादेश समेत जारी गरी पाउन सादर अनुरोध गर्दछु भन्ने समेत व्यहोराको नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.का शेयरहोल्डर मोहनगोपाल खेतानका तर्फबाट परेको निवेदनपत्र ।

यसमा के कसो भएको हो ? निवेदकको माग वमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? यो आदेश प्राप्त भएको मितिले १५ दिन भित्र लिखित जवाफ पठाउनु भनी रिट निवेदनको प्रति साथै राखी विपक्षीलाई सूचना पठाई लिखित जवाफ आएपछि वा अवधि नाघेपछि नियम वमोजिम पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०५९।७।२६ को आदेश ।

मध्यस्थता सम्बन्धी ट्राईवुनल काठमाडौंको मिति २०५४।५।१८ को फैसला उपर यस अदालतमा कानून वमोजिम पुनरावेदन परी यस अदालतबाट मिति २०५९।१।९ मा नेपाल सरकारको पुनरावेदन खारेज हुने ठहरी फैसला भएको देखिन्छ, यसरी कानून वमोजिम पुनरावेदन परी कानून वमोजिम फैसला भएको अवस्थामा निवेदकको नेपाल अधिराज्यको संविधानको धारा २३ र ८८(२) अन्तरगत उत्प्रेषणको आदेश जारी हुनुपर्ने होइन । निवेदकको निवेदन जिकिर खारेज गरीपाऊँ भन्ने समेत व्यहोराको पुनरावेदन अदालत पाटनका तर्फबाट ऐ.का रजिष्ट्रार तिलप्रसाद श्रेष्ठले पेश गर्नु भएको लिखित जवाफ ।

विपक्षी रिट निवेदकलाई प्रत्यर्थी नेपाल ओरिण्ड म्याग्नेसाईट प्रा.लि.ले कुनै अन्याय नगरेकोले यस कम्पनी समेतलाई विपक्षी बनाई रिट निवेदन दायर गर्नुपर्ने अवस्था नै थिएन र छैन भन्ने समेत व्यहोराको नेपाल ओरिण्ड म्याग्नेसाईटको तर्फबाट पर्न आएको लिखित जवाफ ।

निवेदक मोहन गोपाल खेतानसँग प्रत्यर्थी दामोदर रोपवेजले कुनै करार नगरेकोले निजसँग दामोदर रोपवेजको कुनै सरोकार छैन । नेपाल ओरिण्ड म्याग्नेसाईट र प्रत्यर्थी दामोदर रोपवेज बीच भएको सम्झौताको बिषयलाई लिएर विवाद उत्पन्न हुँदा तथा विवादको मध्यस्थता ट्राइबुनलबाट निरुपण हुँदाको अवस्थामा नै निवेदक मोहनगोपाल खेतान नेपाल ओरिण्ड

म्याग्नेसाईटको शेयर होल्डर तथा प्रबन्ध सञ्चालक हुनुहुन्छ । यथार्थमा निवेदन लेखमा उल्लेख भए बमोजिम निवेदकको हक हितमा कुनै प्रतिकूल असर परेको भए तत्काल उजुर गर्नु पर्नेमा सो बमोजिम कुनै उजुर नगरेको तथा मध्यस्थता ट्राईबुनल समक्ष कुनै विवाद नउठाएबाट प्रस्तुत निवेदन दायर गर्ने हक विपक्षी निवेदकमा छैन । कानुन बमोजिम संस्थापित कम्पनीको शेयर होल्डर भएको कारणबाट प्रस्तुत रिट निवेदन कानूनतः ग्राह्य हुन सक्दैन । निवेदकको कुनै पनि कानूनी तथा संवैधानिक मौलिक हक अपहरण नभएको, निवेदन पत्रमा उल्लेख गरिएको कानूनी प्रश्नको निरुपण प्रस्तुत रिट निवेदनबाट हुने अबस्था पनि नभएको र प्रस्तुत विवाद सार्वजनिक सरोकारको विवाद पनि नभएकोले निवेदन पत्र खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको दामोदर रोपवेजको तर्फबाट पर्न आएको लिखित जवाफ ।

आफैंले व्यवस्थापनको नेतृत्व, कार्यवाहक प्रबन्ध निर्देशक, वोर्डको सदस्य तथा पुनर्संरचित व्यवस्थापन समितिको सदस्यको रुपमा सन् १९८७ देखि जिम्मेवारी संहालेका निवेदकले सम्पूर्ण रुपमा सूचनाहरुको प्रवाह आफूमा नभएको भनी उल्लेख गर्नु आफैंमा असत्यपूर्ण भएकाले रिट निवेदन खारेजभागी छ । विपक्षी निवेदकले कुनै आधार तथा प्रमाण बिना ओरिण्ड म्याग्नेसाइटले आफूले लगानी गरेको रकम असुल उपर गरिसकेको, कम्पनीको सञ्चालन प्रक्रियाप्रति उदासिन तथा उत्तरदायित्वविहिन रहेको भन्ने जस्ता लान्छनाहरु लगाएको हुँदा त्यसलाई जोडदार खण्डन गर्दै ओरिण्ड म्याग्नेसाइटले ठूलो नोक्सानी व्यहोर्नु परेको अवस्था रहेको हुँदा औचित्यहीन निवेदन खारेज गरी पाऊँ भन्ने समेत व्यहोराको उडिसा इन्डष्ट्रिज लि.को तर्फबाट अख्तियारप्राप्त सल्लाहकार वाइ.पि.खट्रले पेश गरेको लिखित जवाफ ।

यसमा रिट निवेदनमा उल्लिखित सम्वत् २०५४ सालको रिट नं. २६०३ को यिनै निवेदक भएको उत्प्रेषणको रिट निवेदनको मिसिल समेत झिकाई संलग्न राखी लगाउमा पेश भएका रिट नं. २८०९, २८९८, २९८२ का रिट निवेदनहरु, दे.पु.नं. ८८९४ को पुनरावेदन र दो.नि.नं. ३२०१ को निवेदन समेत साथै राखी नियमानुसार पेश गर्नु भन्ने यस अदालतको मिति २०६४।३।७ को आदेश ।

यसमा दुबै पक्षका कानून व्यवसायीले मेलमिलापको कार्य अगाडि बढाउन इजलास समक्ष इच्छा गरेको हुँदा सर्वोच्च अदालत नियमावलीको नियम ६५घ. वमोजिम सर्वोच्च अदालत मेलमिलाप केन्द्रमा पठाई दिनु भन्ने मिति २०६५।४।२७ को यस अदालतको आदेश ।

यसमा यो मुद्दाको वहस आजै समाप्त हुने अवस्था नहुँदा यो मुद्दा र यसैसँग लगाउका मुद्दाहरु हेर्दाहेर्दैमा राख्नु । यसै बीचमा पक्ष विपक्षका कानून व्यवसायीहरु बसी मिलापत्रको

निमित्त कुनै सहमतिमा पुग्न सकिन्छ कि सो को प्रयास गर्नु, यस कुराको संयोजन महान्यायाधिवक्ताले गर्नु भन्ने व्यहोराको मिति २०६५।९।७ को यस अदालतको आदेश ।

यसमा दामोदर रोपवेज तथा कन्सट्रक्सन कम्पनीको तर्फबाट अख्तियार प्राप्त अरविन्द मजुमदारले पुनः एकपटक मिलापत्रको लागि प्रयास गर्ने भनी इजलास समक्ष अनुरोध गरेको हुँदा मिलापत्रको प्रयोजन निमित्त आजको पेशीबाट हटाइएको छ । पूर्व आदेश बमोजिम मेलमिलाप कार्यको संयोजन महान्यायाधिवक्ताले गर्नु भन्ने मिति २०६५।११।२६ को यस अदालतको आदेश ।

नियम बमोजिम निर्णय सुनाउन पेश हुन आएको प्रस्तुत निवेदनमा दामोदर रोपवेज एण्ड कन्स्ट्रक्सन कम्पनी र नेपाल ओरिण्ड म्याग्नेसाइटका बीचमा १४ जनवरी, १९८३ मा भएको रोपवे निर्माण सम्बन्धी संझौता अनुसारको कार्य ठेकेदार कम्पनीले सम्पन्न नगरेको अवस्था हुँदाहुँदै विपक्षी ठेकेदार कम्पनीले मध्यस्थताद्वारा विवादको निप्टारा गरी दावीको रकम क्षतिपूर्ति दिलाई भराई पाऊँ भनी गरेको दावीको आधारमा विवाद निरुपण गर्न मध्यस्थता सम्बन्धी ट्राईबुनल गठन गरी सो ट्राइबुनलबाट ठेकेदार कम्पनीको पक्षमा निर्णय दिएको, सो कुनै पनि प्रक्रियाका सम्बन्धमा नेपाल ओरिण्ड म्याग्नेसाइट कम्पनीको निजी लगानीकर्ताका रुपमा रहेको आफूलाई कुनै जानकारी नदिइएको हुँदा मध्यस्थ ट्राइबुनलबाट भएको निर्णय र सो उपर परेको निवेदनका सम्बन्धमा पुनरावेदन अदालत पाटनबाट भएको निर्णय समेत त्रुटिपूर्ण भएको हुँदा बदर गरी पुनः निर्णय गर्नु भनी परमादेश जारी गरी पाऊँ भन्ने मुख्य निवेदन जिकीर रहेकोमा विपक्षीमध्येको दामोदर रोपवेज एण्ड कन्सट्रक्सन कम्पनीका तर्फबाट पेश गरिएको लिखित जवाफमा निवेदकसँग दामोदर रोपवेजले कुनै करार नगरेको हुँदा निजसँग कम्पनीको कुनै सरोकार नरहेको, नेपाल ओरिण्ड म्याग्नेसाईट र प्रत्यर्थी दामोदर रोपवेज बीच भएको सम्झौताको बिषयलाई लिएर उत्पन्न विवादको समाधानका लागि मध्यस्थता ट्राइबुनल समक्ष दावी पेश भै सोको निरुपण हुँदाको अबस्थामा नै निवेदक नेपाल ओरिण्ड म्याग्नेसाईटको शेयर होल्डर तथा प्रवन्ध सञ्चालक रहनु भएकाले निवेदन लेखमा उल्लेख भए बमोजिम निवेदकको हक हितमा कुनै प्रतिकूल असर परेको भए तत्काल उजुर गर्नु पर्नेमा सो बमोजिम कुनै उजुर नगरेको तथा मध्यस्थता ट्राईबुनल समक्ष कुनै विवाद नउठाएबाट प्रस्तुत निवेदन दायर गर्ने हक नै विपक्षी निवेदकमा नरहेको भनी जिकीर लिइएको देखिन्छ ।

प्रस्तुत निवेदनमा मिति २०६६।११।२६, २०६६।१२।१८, २०६६।१२।२५, २०६६।१२।३१, २०६७।१।८ र २०६७।२।५ मा भएको सुनुवाइका सिलसिलामा निवेदक तर्फबाट उपस्थित विद्वान

अधिवक्ता श्री अनिलकुमार सिन्हाले वहस गर्नु भएको थियो । वहाँले आफ्नो वहसको समर्थनमा पेश गर्नु भएको वहस नोटमा मुख्य रुपमा देहायका विषयहरु उठाउनु भएको छ :

- नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. मा मोहन गोपाल खेतानको २५ प्रतिशत लगानी भएको र निवेदक सो कम्पनीमा संलग्न हुनु अघि दामोदर रोपवेज एण्ड कन्स्ट्रक्शन कम्पनीसँग रोपवेज निर्माण सम्बन्धी Turn Key Project को संझौता सम्पन्न भएको हुँदा सो रोपवेज निर्माणको कार्यसँग सम्बन्धित जुनसुकै विषयमा निवेदकको सार्थक सरोकार रहेकोले निवेदकमा प्रस्तुत निवेदन दायर गर्ने हकदैया रहेको छ ।
- सो संझौता अनुसार कार्य सम्पन्न नै नभएको हुँदा त्यसमा कम्पनीको दायित्व सिर्जना हुने अवस्था छैन ।
- मध्यस्थले कार्य सम्पन्नताको आधिकारीक प्रमाण बिना नै निष्कर्ष निकालेको हुँदा मध्यस्थको निर्णय त्रुटिपूर्ण रहेको छ ।
- नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. र दामोदर रोपवेज बीच रोपवे निर्माण सम्बन्धी संझौता अनुसारको कार्य सम्पन्न भएपछि सो को भुक्तानीको सुरक्षणका लागि नेपाल सरकार र दामोदर रोपवेज बीच जमानी संझौता भएको हुँदा जमानी संझौतालाई स्वतन्त्र रुपमा लिन मिल्ने अवस्था छैन ।
- निवेदकलाई संलग्न नगराई र निवेदकका तर्फबाट अधिकार प्राप्त समेत नगरी मध्यस्थ ट्रिबुनलबाट भएका कार्यहरु मध्यस्थता ऐन, २०३८ को दफा २१(२) को खण्ड (क), (ग), (घ), (च), (छ) को विपरित हुनुका साथै ऐनको मर्म र मनसाय विपरित भएकाले बदर गरी पुनः निर्णयका लागि मध्यस्थ समक्ष पठाउनु पर्दछ ।

त्यसैगरी विपक्षी दामोदर रोपवेज एण्ड कन्सट्रक्सन कम्पनीको तर्फबाट रहनु भएका विद्वान वरिष्ठ अधिवक्ताहरु श्री महादेवप्रसाद यादव र श्री नारायण वल्लभ पन्त तथा अधिवक्ताहरु श्री ईश्वरीचन्द्र शर्मा र श्री शम्भु थापाले वहस गर्नु भएको थियो । वहाँहरुले आफ्नो वहसको समर्थनमा पेश गर्नु भएको वहसनोटमा मुख्य रुपमा देहायका विषयहरु उठाउनु भएको देखिन्छ :

- आफ्नो हक हितको संरक्षणको लागि कम्पनी स्वयंले मुद्दा मामिला गर्न तथा कम्पनीको तर्फबाट प्रतिवाद प्रतिरक्षा गर्न सक्दछ । तर कम्पनीको केही अंश धारण गरेको कारणबाट कम्पनी सरह शेयर होल्डरले मुद्दा मामिला गर्न पाउने भन्ने हुँदैन ।

- कम्पनी र शेयर होल्डरको हैसियतले पृथक पृथक मुद्दा गर्नु कम्पनी कानूनको अवधारणा र मान्य सिद्धान्त विपरित हुन जान्छ । कम्पनी स्वयं नै मध्यस्थ प्रक्रियामा सामेल रहेको र कम्पनीका तर्फबाट यस अदालतमा समेत छुट्टै निवेदनपत्र दायर भैसकेको अवस्थामा निवेदकलाई निवेदन दायर गर्ने हकदैया नै नभएकाले हकदैया विहीन निवेदन खारेजभागी छ ।
- निर्णयमा पक्ष नभएको र पक्ष कायम गरी पाऊँ भनी दावी समेत नगरी सिधै यस अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत परेको निवेदन ग्राह्य हुन सक्दैन । पुनरावेदन अदालत र मध्यस्थबाट भएको छुट्टा छुट्टै निर्णय बदरका लागि एउटै निवेदनपत्रबाट माग गरिएको हुँदा निवेदनपत्र अ.वं. ७२ नं. समेतको विपरित रहेको छ ।
- निवेदकले मध्यस्थको निर्णय बदर गरी पाऊँ भनी दायर गरेको निवेदनपत्र यस अदालतबाट खारेज भैसकेको अवस्थामा पुनः सो समेतको विषयमा परेको प्रस्तुत निवेदन ग्रहण गर्न मिल्ने हुँदैन । त्यसरी निवेदन ग्रहण गरिनु निर्णय अन्तिमताको सिद्धान्त विपरित हुन जान्छ ।
- निवेदनपत्रमा विभिन्न प्रमाणहरुको मूल्यांकन हुनु पर्ने भन्ने जिकीर गरिएको र बहसका क्रममा निवेदकतर्फबाट वहस जिकीर समेत प्रस्तुत गरिएको सन्दर्भमा रिट क्षेत्रबाट प्रमाणको मूल्यांकन गर्न नमिल्ने हुँदा निवेदन खारेजभागी रहेको छ ।

उपर्युक्त तथ्य रहेको प्रस्तुत विवादमा **एउटै विवादको विषयमा कम्पनीको तर्फबाट निवेदनपत्र दायर भएको अवस्थामा कम्पनीको शेयरहोल्डरको हैसियतले छुट्टै निवेदन दायर गर्ने अधिकार कम्पनीको शेयरहोल्डरमा रहन्छ वा रहँदैन** ? भन्ने प्रश्नको निरुपण गरे पश्चात् माग वमोजिमको आदेश जारी हुनु पर्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय दिनु पर्ने देखिन्छ ।

निर्णयतर्फ विचार गर्दा यी निवेदकले दायर गरेको प्रस्तुत निवेदनमा मुख्य रुपमा नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. र दामोदर रोपवेज तथा कन्स्ट्रक्सन कम्पनीबीच १४ जनवरी, १९८३ मा सम्पन्न रोपवे निर्माण सम्बन्धी संझौताको विषयमा विवाद उठी सो विवादको विषयमा मध्यस्थद्वारा मिति २०५४।५।१८ मा र सो उपर पुनरावेदन अदालत पाटनबाट मिति २०५९।१।९ मा निर्णय भएको, सो प्रक्रियामा आफूलाई सहभागी नगराइएको हुँदा ती निर्णयहरु बदर हुनु पर्दछ भनी जिकीर लिइएको देखिन्छ । यी निवेदक नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. का शेयर होल्डर भएको कुरामा विवाद छैन । प्रस्तुत निवेदनमा लिइए जस्तै जिकीर लिई नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. का तर्फबाट यस अदालतमा छुट्टै रिट निवेदन दायर भई लगाउको मुद्दाका रुपमा यसै इजलास समक्ष पेश हुन आएको अवस्था छ । त्यसरी निवेदक शेयर होल्डर रहेको

कम्पनीका तर्फबाट यसै विषयमा मध्यस्थ समक्ष दावी पेश भै मध्यस्थ ट्रिबुनलबाट निर्णय भएको र सो निर्णयमा चित्त नबुझेको भनी कम्पनीका तर्फबाट पुनरावेदन अदालत पाटनमा निवेदन समेत पेश भै सो अदालतबाट मध्यस्थ निर्णय केही हदसम्म बदर हुने ठहरी निर्णय भएको पाइन्छ । त्यसरी एउटै विवादको विषयमा कम्पनीको तर्फबाट मध्यस्थ प्रक्रिया प्रारम्भ भएको र सो विवादको विषयमा न्याय प्राप्तिका लागि प्रयत्न भैरहेको भन्ने तथ्य निर्विवाद रुपमा स्थापित हुन आएको छ । सोही प्रयत्नको निरन्तरता स्वरुप नेपाल ओरिण्ड म्याग्नेसाइटका तर्फबाट मध्यस्थ निर्णय र पुनरावेदन अदालत पाटनको निर्णय बदरको माग गरी यस अदालतमा रिट निवेदन दायर गरेको अवस्था हुँदा त्यसरी कम्पनीका तर्फबाट निवेदनपत्र दायर भएको अवस्थामा कम्पनीको शेयरहोल्डरको हैसियतले छुट्टै निवेदन दायर गर्ने अधिकार कम्पनीको शेयरहोल्डरमा रहन्छ वा रहँदैन ? भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो ।

यस सम्बन्धमा हेर्दा साविकको कम्पनी ऐन, २०२१ मा कम्पनीको तर्फबाट शेयरधनीले मुद्दा गर्न पाउने व्यवस्था रहेको थिएन । तर सिद्धान्ततः हेर्दा केही निश्चित अवस्थामा कम्पनीका तर्फबाट कुनै शेयरधनीले कानूनी कारबाही चलाउन पाउने अधिकार राख्दछन् । त्यस्तो अधिकारलाई पहिलो पटक कम्पनी ऐन, २०५३ को दफा १३२(१) मा सुनिश्चित गरिएकोमा त्यसलाई हालको कम्पनी ऐन, २०६३ को दफा १४० मा समेत निरन्तरता दिइएको देखिन्छ । शेयरधनीको संरक्षण शीर्षकमा समावेश गरिएको त्यस किसिमको अधिकारको स्रोत भनेको यस सम्बन्धी स्थापित मान्यता र प्रचलन नै हो । शेयरधनीको अधिकारको संरक्षणका लागि विकास भएको यो अवधारणा मूलतः कम्पनीको हक हित प्रचलनका लागि कम्पनीका तर्फबाट कानूनी कारबाही प्रारम्भ नभएको वा त्यस्तो कारवाही प्रारम्भ गर्न अनिच्छा देखाइएको वा कुनै शेयरधनीले त्यस विषयमा गरेको अनुरोधलाई अवज्ञा गरेको अवस्थामा मात्र शेयरधनीमा त्यस्तो अधिकार सिर्जना हुने मान्यतामा आधारित देखिन्छ । अर्थात् कम्पनीका सञ्चालक वा पदाधिकारीले कम्पनीको हित रक्षा गर्न नसकेको अवस्थामा शेयरधनीले यस्तो अधिकारको प्रयोग गर्न सक्ने हुन्छ । कम्पनी स्वयंले नै आधिकारिक रुपमा कारबाही अगाडि बढाएको विषयमा प्रत्येक शेयरधनीलाई त्यस्तो अधिकार प्रदान गर्ने यो अबधारणाको मनसाय होइन । यदि त्यस्तो मनसाय रहेको मान्ने हो भने त्यसले एउटै विवादका विषयमा कम्पनीको आधिकारिक धारणा र शेयरधनीका व्यक्तिगत धारणाहरु फरक फरक रुपमा अभिव्यक्त हुने र त्यसलाई कानूनी निकास दिने सम्बन्धमा फरक फरक बाटो अवलम्वन हुन सक्ने संभावना रहन्छ । त्यसले अन्ततः कम्पनी

सञ्चालनको आधारभूत मूल्य मान्यतालाई समेत विश्रृङ्खलित र कमजोर तुल्याउन सक्छ, कम्पनीको व्यवस्थापनमा अराजकता ल्याउन सक्छ र कम्पनीको हित रक्षाको गुरुत्तर विषय कम्पनीका शेयरधनीहरुको व्यक्तिगत स्वार्थ पूर्तिको आधार बन्न सक्छ ।

उल्लिखित अवधारणाको रोहमा प्रस्तुत विवादलाई हेर्दा, यी निवेदक नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि.का शेयरधनी रहेका र उक्त कम्पनीका तर्फबाट अधिकार प्राप्त गरी मध्यस्थसमक्ष दावी प्रस्तुत भएको, पुनरावेदन अदालत पाटनमा निवेदन प्रस्तुत भएको र यस अदालतमा समेत रिट निवेदन दायर हुन आएको तथ्य निर्विवाद रुपमा स्थापित छ । त्यसरी कम्पनीका तर्फबाट कानूनी कारबाहीलाई निरन्तरता दिइएको विषयमा र अख्तियारीका विषयमा पनि कहिँ कतैबाट प्रश्न उठेको अवस्था पनि देखिँदैन । तसर्थ एउटै विवादको विषयमा कम्पनीका तर्फबाट आधिकारिक रुपमा प्रक्रिया अघि बढेको अवस्थामा सोही विषयमा शेयरधनीका तर्फबाट छुट्टै कारबाही चलाउन पाउने भनी अर्थ गर्न मिल्ने हुँदैन ।

नेपाल ओरिण्ड म्याग्नेसाइट प्रा.लि. रिट निवेदक रहेको यसै लगाउको यही विषयवस्तु समावेश भएको रिट निवेदनमा आज यसै इजलासबाट रिट जारी हुने ठहरी आदेश भएको परिप्रेक्ष्यमा पनि प्रस्तुत निवेदन औचित्यहीन देखिन आयो ।

तसर्थ माथि गरिएको विश्लेषण समेतका आधारमा निवेदन माग वमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन, प्रस्तुत निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाईदिनु ।

**न्यायाधीश**

उक्त रायमा म सहमत छु ।

**प्रधान न्यायाधीश**

इतिसम्वत् २०६७ साल असार २३ गते रोज ४ शुभम् ............................................... ।

इजलास अधिकृत : उमेश कोइराला